नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

(अनौपचारिक तथा बैकल्पिक शिक्षा शाखा)

सानोठिमी, भक्तपुर

प.सं.: ०८०/८१
च.नं. १४

मिति: २०८०/०५/२४

**विषयः <u>साक्षर नेपाल अभियान अन्तर्गत स्थानीय तहका लागि साझेदारीमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमका लागि प्रस्तावना पेश गर्ने सम्वन्धमा ।</u>**

**श्री साक्षर घोषणा हुन बाँकी स्थानीय तहहरु,**
**मधेश प्रदेश/कर्णाली प्रदेश ।**

प्रस्तुत विषयमा चालु आ.व. २०८०/०८१ को वार्षिक कार्यक्रम अन्तर्गत साक्षर नेपाल अभियान सञ्चालनका लागि साक्षर घोषणा हुन बाँकी स्थानीय तहमा साक्षरताका कार्यक्रमहरु सञ्चालन गरी साक्षर स्थानीय तह घोषणा कार्यक्रम सञ्चालन गर्न साझेदारीमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत देहाय बमोजिम प्रस्तावना आव्हान गरिएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

**<u>प्रस्तावनामा पेश गर्नुपर्ने विवरणहरुः</u>**

क. साक्षर घोषणा हुन बाँकी गाउँपालिका/नगरपालिकाहरुले आफ्नो क्षेत्रभित्रका तोकिएका उमेर समुहका निरक्षरहरुको संख्या र कार्यक्रम सञ्चालन गर्न लाग्ने समय र कक्षाको यथार्थ विवरण,

ख. साक्षरता कार्यक्रम सञ्चालन गर्नको लागि लाग्ने स्रोत र स्रोत व्यवस्थापन सहितको प्रतिबद्धता र कार्ययोजना,

ग. स्थानीय तहको प्रमुखको संयोजकत्वमा गठन भएको साक्षरता अभियान समिति र कार्यपालिकाको साक्षरता कार्यक्रम सञ्चालन र घोषणा सम्वन्धी निर्णय र प्रतिबद्धता,

घ. साक्षरता कार्यक्रम सञ्चालनमा विकास साझेदार संस्था, सामुदायिक सिकाइ केन्द्र, विद्यालय र वार्ड कार्यालयहरुको जिम्मेवारी र भूमिका,

ङ. प्रस्तावना २०८० असोज मसान्त सम्म यस केन्द्रमा आइपुग्ने गरी पठाउनुपर्नेछ । प्रस्तावनाको सफ्ट कपी यस शाखाको इमेल ठेगानाः section.nonformal@gmail.com मा पठाउन सकिनेछ ।

च. यस केन्द्रबाट स्वीकृत भएका प्रस्तावनाहरुलाई साझेदारीमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम कार्यान्वयन प्रक्रिया,२०७८ बमोजिम अनुदान दिइनेछ ।

छ. प्रोत्साहन अनुदान प्राप्त गर्ने स्थानीय तहले अनिवार्य रुपमा साक्षरताका कार्यक्रमहरु सञ्चालन गरी २०८१ असार मसान्त सम्म साक्षर स्थानीय तह घोषणा गर्नुपर्नेछ ।

ज. यस सम्वन्धमा अन्य केही जानकारी लिनुपर्ने भएमा यस केन्द्रको अनौपचारिक तथा बैकल्पिक शिक्षा शाखा वा सम्पर्क नं ९८५६०५२४८४, ९८५१२०७५९७ मा सम्पर्क गर्न सकिनेछ ।

निलकण्ठ ढकाल
निर्देशक

**<u>प्रस्तावनाको नमुना ढाँचाः</u>**

- स्थानीय तहको परिचय
- १५-६० वर्ष उमेर समुहका निरक्षरहरुको विवरण
- उद्धेश्य
- कार्यान्वयन योजना (क्रियाकलापहरु, उद्धेश्य, रणनीतिहरु, समय सिमा, अपेक्षित उपलब्धिहरु)
- प्रस्तावित बजेटः संघ, प्रदेश, स्थानीय सरकार, विकास साझेदार संस्था
- कार्यपालिका र साक्षरता अभियान समितिको बैठकको निर्णय
- साक्षर घोषणा गर्ने प्रतिवद्धता